गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**सामाजिक विकास कार्यालय, बागलुङ**
बागलुङ, नेपाल

प.सं. ०८०।०८१
च.नं

**अपाङ्गता भएका व्यक्तिहरुले सहायता सामाग्री माग गर्ने सम्बन्धी सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति २०८१/०१/२८**

प्रस्तुत सम्बन्धमा यस सामाजिक विकास कार्यालय बागलुङको चालु आ.व. ०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार यस जिल्ला भित्रका अपाङ्गता सहायता सामाग्री आवश्यक भए पनि आर्थिक अभावले गर्दा खरिद गरी उपयोग गर्न नसकेका अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापनमा सहजता ल्याउन सहायक सामाग्री वितरण गर्ने कार्यक्रम रहेकोले, यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०२/११ ) भित्र अपाङ्गता परिचयपत्रको प्रतिलिपि संलग्न गरी कार्यालयले तोकेको ढाँचामा रितपूर्वक निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

संलग्न हुनु पर्ने कागजात तथा अन्य विवरणहरु:-

- निवेदनको ढाँचा यस कार्यालयको वेवसाईट sdobaglung.gandaki.gov.np मा उपलब्ध हुनेछ। साथै सो फाराम यस कार्यालयबाट निःशुल्क रुपमा प्राप्त गर्न सकिनेछ । उक्त फाराम भरेर कार्यालयको ईमेल sdobaglung@gmail.com पठाउन सकिनेछ ।
- कार्यालयमा भौतिक रुपमा उपस्थित भै निवेदन पेश गर्न सकिनेछ ।
- आफू बसोवास गरेको सम्बन्धित स्थानीय तहको महिला तथा बालवालिका शाखामा निवेदन पेश गर्न सकिनेछ
- कार्यालयमा प्राप्त बजेट रकमबाट सम्वोधन हुन नस्कने गरी माग संकलन भएमा अत्यावश्यकतालाई प्राथमिकता दिई छनौट एवं निर्णय गरी वितरण गरिनेछ ।
- निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र प्राप्त भएको हुनु पर्नेछ ।

थप जानकारीको लागि: सामाजिक विकास कार्यालय, बागलुङको मो. नं. ९८५७६२४१५२ मा सम्पर्क गर्न सकिनेछ ।

कृष्णहरि अचार्य
नि.कार्यालय प्रमुख

मितिः-२०८१/ /

श्री सामाजिक विकास कार्यालय
बागलुङ ।

**विषयः अपाङ्गता सहायता सामाग्री पाउँ ।**

महोदय,

प्रस्तुत सम्बन्धमा सामाजिक विकास कार्यालय बागलुङको मिति २०८१/०१/२८ को अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामाग्री वितरण गर्ने सम्बन्धी सूचनाबाट व्यहोरा जानकारी भएकोले तपशिल बमोजिमको बिवरण सहित निवेदन पेश गरेकोछु ।

१.नाम,थर :-

२.ठेगाना :-

३.जन्म मिति :-

४.अपाङ्गता परिचय पत्र नं. :-

५.परिचयपत्र जारी गर्ने निकाय :-

६.अपाङ्गताको किसिम :- पूर्ण असक्त/ अति असक्त/ मध्यम/ सामान्य

७.अपाङ्गताको प्रकार :-शारीरिक अपाङ्गता/ दृष्टिविहिन सम्बन्धी अपाङ्गता/ सुनुवाई सम्बन्धी अपाङ्गता/ श्रवण दृष्टि विहिन सम्बन्धी अपाङ्गता/ मानसिक र मनोसामाजिक अपाङ्गता/ अनुवंशीय रक्तश्राव सम्बन्धी अपाङ्गता/ अटिजम सम्बन्धी अपाङ्गता/ बहुअपाङ्गता

८.संरक्षकको नाम, थर :-

९.संरक्षकको दस्तखत :-

१०.माग गरेको अपाङ्गता सहायता सामाग्रीको नाम :-

११.निवेदन साथ अपाङ्गता परिचय पत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।